836

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. १८०/२०७०/०७१

निर्णय नं.४९

कपिलवस्तु जिल्ला गोटिहवा गा.वि.स बस्ने ओम विलास बरई समेत ..........................१ पुनरावेदक

विरूद्ध

स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय, कपिलवस्तु ......................१ विपक्षी

विषय :- सूचना दिनू भनिएकोमा पाइन भन्न नआएकोले तामेलीमा राख्ने ।

कपिलवस्तु जिल्ला गोटिहवा गा.वि.स बस्ने ओम विलास बरई समेतले जिल्ला विकास समितिको कार्यालय, कपिलवस्तुले सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोगमा गरेको निवेदनका सम्बन्धमा यस आयोगबाट मिति २०७१।१०।२२, च.नं. ४८७ मा पुनरावेदकले माग गरेको सूचनाको सम्वन्धमा खुलाई पठाई दिनू भनी पत्राचार भएको । उक्त पत्राचार पश्चात पुनरावेदकले सूचना पाए नपाएको सम्बन्धमा कुनै पनि जानकारी प्राप्त हुन नआएको र यस लामो अवधिसम्म पनि सूचना पाइन भनी पुनरावेदक स्वयंले पनि कुनै निवेदन/उजुरी गरेको नदेखिएको हुँदा पछि पुनरावेदकले सूचना पाइन भनी निवेदन गरेका बखत कारवाही प्रक्रिया अगाडि बढाउने गरी हाललाई प्रस्तुत निवेदन तामेलीमा राखिएको छ । प्रस्तुत निवेदनको लगत तामेलीमा दर्ता गरी राख्नु ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७२ साल भदौ २४ गते रोज ५ शुभम् ।